## बैठक संख्याः २०७८।०७९ – ००९

बैठकः बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङको गाउँ कार्यपालिका बैठक ।
मिति र समयः वि. स. २०७९ साल जेष्ठ ३ गते मंगलबार विहानको १० बजेदेखी सुरु ।
अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री फेन्चोक छेसेन ज्यू, ।
स्थानः गाउपालिका केन्द्र, कागवेनी, मुस्ताङ ।
उपस्थित पदाधिकारीहरुको विवरणः

| क स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री फेन्चोक छेसेन गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष | | |
| २ | श्री जित बहादुर राना | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत | | |
| ३ | श्री विर बहादुर गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न १ वडाअध्यक्ष एंव सदस्य | | |
| ४ | श्री छिन नाम्ग्या गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न २ वडाअध्यक्ष एंव सदस्य | | |
| ५ | श्री नविन कुमार गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ३ वडाअध्यक्ष एंव सदस्य | | |
| ६ | श्री तेन्जिङ नाम्गेल गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ४ वडाअध्यक्ष एंव सदस्य | | |
| ७ | श्री राप्के गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ५ वडाअध्यक्ष एंव सदस्य | | |
| ८ | श्री साङ्गो छिरिङ गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| ९ | श्री फुल कुमारी विश्वकर्मा | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री लक्ष्मी कुमारी गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री देवी गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री फुलमाया वि.क. | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री छिरिङ आङ्ग्याल गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |

| | सहयोगी राष्ट्रसेवक कर्मचारीहरु | | | |
|---|---|---|---|---|
| १४ | श्री जनार्दन आचार्य | वरिष्ठ कविराज निरीक्षक सातौं बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १६ | श्री अमृत प्रसाद रेग्मी | लेखा अधिकृत छैटौं बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १७ | श्री प्रेम प्रसाद भट्टराई | आलेप सहायक पाँचौं बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | सूचना अधिकारी |
| १८ | श्री देवेन्द्र बहादुर थापा | सहायक चौथो बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | प्रशासन शाखा प्रमुख |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |

मिति: २०७९ जेष्ठ ३ गते मंगलबार कार्यपालिका बैठकका प्रस्तावित कार्यसूचिहरु

बैठक संख्या: २०७८।०७९-००९

समय: विहानको १०: ०० बजे

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको वारागुङ गाउँ कार्यपालिकाको बैठक**

**छलफलका विषयहरु:**

२०७८।०७९-००९।०१ कागवेनी-मुक्तिनाथ सडक खण्डको घुम्ती फराकिलो तथा सरसफाई सम्बन्धमा।

२०७८।०७९-००९।०२ लुप्रा आधारभूत विद्यालय भवन निर्माणको बढी काम भएको रकम भुक्तानी तथा ठेक्काको कार्यसम्बन्धी जानकारी सम्बन्धमा।

२०७८।०७९-००९।०३ सशर्त तर्फका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०४ गाउँपालिकाको प्रशासनिक भवनको ठेक्का म्याद थप गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०५ विभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०६ गाउँपालिकामा डिजिटल नागरिक वडापत्र राख्ने सम्बन्धमा।

२०७८।०७९-००९।०७ ठेक्का तोडी नयाँ प्रक्रियामा जाने सम्बन्धमा।

२०७८।०७९-००९।०८ वडा सचिव तोकिएको सम्बन्धमा।

२०७८।०७९-००९।०९ ५ वर्षे कार्यकालको उच्च सम्मान गर्दै बधाईका साथ विदाई गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।१० अघिल्लो बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा।

२०७८।०७९-००९।११ विविध सम्बन्धमा।



मिति: २०७९ जेष्ठ ३ गते मंगलबार कार्यपालिका बैठकका प्रस्तावित कार्यसूचिहरु

बैठक संख्या: २०७८।०७९-००९

समय: विहानको १०: ०० बजे

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको वारागुङ गाउँ कार्यपालिकाको बैठक**

**छलफलका विषयहरु:**

२०७८।०७९-००९।०१ कागवेनी-मुक्तिनाथ सडक खण्डको घुम्ती फराकिलो तथा सरसफाई सम्बन्धमा।

२०७८।०७९-००९।०२ लुप्रा आधारभूत विद्यालय भवन निर्माणको बढी काम भएको रकम भुक्तानी तथा ठेक्काको कार्यसम्बन्धी जानकारी सम्बन्धमा।

२०७८।०७९-००९।०३ सशर्त तर्फका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०४ गाउँपालिकाको प्रशासनिक भवनको ठेक्का म्याद थप गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०५ विभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०६ गाउँपालिकामा डिजिटल नागरिक वडापत्र राख्ने सम्बन्धमा।

२०७८।०७९-००९।०७ ठेक्का तोडी नयाँ प्रक्रियामा जाने सम्बन्धमा।

२०७८।०७९-००९।०८ वडा सचिव तोकिएको सम्बन्धमा।

२०७८।०७९-००९।०९ ५ वर्षे कार्यकालको उच्च सम्मान गर्दै बधाईका साथ विदाई गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।१० अघिल्लो बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा।

२०७८।०७९-००९।११ विविध सम्बन्धमा।

CamScanner

**प्रस्तावहरुः-**

२०७८।०७९-००९।०१ कागवेनी-मुक्तिनाथ सडक खण्डको घुम्ती फराकिलो तथा सरसफाई सम्बन्धमा।

२०७८।०७९-००९।०२ लुप्रा आधारभूत विद्यालय भवन निर्माणको बढी काम भएको रकम भुक्तानी तथा ठेक्काको कार्यसम्बन्धी जानकारी सम्बन्धमा।

२०७८।०७९-००९।०३ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०४ गाउँपालिकाको प्रशासनिक भवनको ठेक्का म्याद थप गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०५ विभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।०६ गाउँपालिकामा डिजिटल नागरिक वडापत्र राख्ने सम्बन्धमा।

२०७८।०७९-००९।०७ ठेक्का तोडी नयाँ प्रक्रियामा जाने सम्बन्धमा।

२०७८।०७९-००९।०८ वडा सचिव तोकिएको सम्बन्धमा।

२०७८।०७९-००९।०९ ५ वर्षे कार्यकालको उच्च सम्मान गर्दै बधाईका साथ विदाई गर्ने सम्बन्धमा।

२०७८।०७९-००९।१० अघिल्लो बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा।

२०७८।०७९-००९।११ विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**निर्णय नं २०७८।०७९-००९।०१**

प्रस्ताव नं २०७८।०७९-००९।०१ को प्रस्ताव माथी छलफल गर्दा यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं ४ मा पर्ने कागवेनी-मुक्तिनाथ सडक खण्डअन्तर्गत गाउँपालिकाको कार्यालयभन्दा माथीको घुम्तीमा पटक-पटक सडक दुर्घटना भई जनधनको क्षती हुन पुगेकोले उक्त स्थानको घुम्ती फराकिलो गर्न प्राविधिक लागत अनुमान तयार गर्दा रु.१,७०,०९७।७५ (अक्षरुपी रु एक लाख सत्तरी हजार सन्तानब्बे र पैसा पचहत्तर मात्र ।) लाग्ने भएकोले उक्त कार्यको लागि आवश्यक खर्च वारागुङ मुक्तिक्षेत्र गाउँपालिका चालु बजेट उपशिर्षकको खर्च शिर्षक कागवेनी मुक्तिनाथ बाटो सरसफाई शुल्क शिर्षकबाट गर्ने निर्णय गरियो । साथै सेल्फीडाँडा भन्दा तल्लो घुम्तीमा सुख्खा माटो बगाएर सडकमा आउँदा सडकमा अवरोध सिर्जना भएकाले उक्त कार्य डोजर लगाई सफा गर्ने र खर्च माथी उल्लेखित शिर्षकबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं २०७८।०७९-००९।०२**

प्रस्ताव नं २०७८।०७९-००९।०२ को प्रस्ताव माथी छलफल गर्दा यस गाउँपालिका वडा नं १ लुप्रा स्थित भवन निर्माणको ठेक्का नं VRMRM/NCB/W/01/077/78 को कार्य Dolpo Construction Pvt. Ltd. ले रु. ६०,८७,२९७।५० (अक्षरुपी रु साठी लाख सतासी हजार दुई सय सन्तानब्बे र पैसा पचास ।) सम्झौता गरी कार्य गरेकोमा अन्तिम ठेक्काको म्याद मितिः २०७८ को चैत्र मसान्तसम्ममा कूल रु ५७,८४,७२८।३४ (सन्ताउन्न लाख चौरासी हजार सात सय अट्ठाइस र पैसा चौतीस मात्र ।) को काम सकेकोमा ठेक्काको क्र.नं. 7 Plastering Works (7.1 Providing, Laying and Curing 12.5 mm thick cement sand 1:4 Plastering on inside wall to perfect plumb, lines and level all complete as per design drawings, spedfications and instruction of the site engineer all complete.) शीर्षकमा ठेक्काको BOQ मा 684.19 m² अनुमान गरेको तर निर्माण कार्यको शिलशिलामा प्राविधिकद्वारा आवश्यकताका आधारमा 28.49 m² थप कार्यको मूल्यांकन हुन आएकोले थप कार्यको रु. १०,६८३।७५ (अक्षरुपी रु दश हजार छ सय त्रियासी र पैसा पचहत्तर मात्र ।) भुक्तानी दिने निर्णय गरियो ।

अध्यक्ष

**निर्णय नं २०७८।०७९-००९।०३**

प्रस्ताव नं २०७८।०७९-००९।०३ प्रस्ताव माथी छलफल गर्दा यस गाउँपालिकाको लागि आ.व.२०७८।७९ मा विनियोजन भई आएको सशर्त तर्फका तपसिल बमोजिमका बजेटहरु निम्न बमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | बजेट रु | कार्यक्रमको उद्धेश्य | उद्धेश्यअनुसार कार्यान्वियन गर्ने तरिका | कैफियत |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | ७ लाख २० हजार | गरिबी न्यूनीकरण | यस सँग सम्वन्धित कानून बमोजिम कार्यक्रम कार्यान्वियनको लागि अगाडी वढाउने । | |
| २ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | १२ लाख ४० हजार | गरिबी न्यूनीकरण | | |
| ३ | हाते ट्रयाक्टर खरिद ५० प्र अनुदान र ढुवानीमा १०० प्र अनुदान | १० लाख | कृषि सहायता | हाते ट्रयाक्टर १८ जनावाट माग भई आएकोले सोही वमोजिम खरिद प्रक्रिया अगाडी वढाउने । | |
| ४ | नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्यॉस/विद्युतीय चुल्हो/सौर्य उर्जा) | १० लाख | नवीकरणीय उर्जामा पहुँच | नवीकरणीय उर्जा अनुदान नीति, २०७३, नवीकरणीय उर्जा अनुदान परिचालन कार्यविधि, २०७३ र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले स्वीकृत गरेका प्राविधिक मापदण्ड र मेनुएल्स वमोजिम यस पालिकामा रहेका १९ वटा गाउँलाई १९ वटा इकाई मानेर सौर्य उर्जासम्वन्धी कार्य गर्ने । | |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम १०० वटा | १९ लाख | सुरक्षित नागरिक आवास | सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यविधि, २०७५ तथा संसोधन २०७६ वमोजिम कार्यक्रम सञ्चालन गर्ने । | |

**निर्णय नं २०७८।०७९-००९।०४**

प्रस्ताव नं २०७८।०७९-००९।०४ माथी छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको ठेक्का अवधि मितिः २०७९ वैशाख २९ गतेसम्म रहेकोमा निज श्री गीता/श्री क्रियटिभ स्याङ्जालाई गाउँपालिकाले लागत अनुमानमा रहेको कार्यहरु भन्दा बाहेकका भित्ताहरुमा चिप्स लगाउने र झ्यालहरुमा घुरुङ राख्ने कार्यहरु भेरियसन आदेशबाट गराएको साथै स्थानीय तह सदस्य निर्वाचन, २०७९ को कारणले समयमै ठेक्कामा कबोल काम नसकिएको देखिन आएकाले ठेक्का अवधिको म्याद मितिः २०७९ असार २५ गते सम्मको लागि थप गर्ने निर्णय गरियो । साथै मितिः २०७८।१२।२१ गते यस गाउँपालिका अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको संयोजकत्वमा भएको अनुगमन समितिको प्रतिवेदनअनुसार झ्याल तथा ढोका गुणस्तरको प्रयोग नगरेको देखिएकोले गुणस्तरयुक्त काठको प्रयोग गरी झ्याल तथा ढोका राख्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २०७८।०७९-००९।०५**

प्रस्ताव नं २०७८।०७९-००९।०५ माथी छलफल गर्दा गाउँपालिकाको विकास योजनाहरुलाई प्रभावकारी सञ्चालन एंव कार्यान्वयन गर्नको लागि योजना अनुगमन, मूल्यांकन तथा योजना फरफारक एंव भुक्तानी कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

अध्यक्ष

**निर्णय नं २०७८।०७९-००९।०६**

प्रस्ताव नं २०७८।०७९-००९।०६ माथी छलफल गर्दा गाउँपालिकाको नयाँ प्रशासनिक भवनमा गाउँपालिकाको परिचय झल्कने किसिमको डिजिटल बोर्ड तथा डिजिटल नागरिक वडापत्र बनाउने कार्यको लागि हुने खर्च वारागुङ मुक्तिक्षेत्र गाउँपालिका चालु बजेट उपशिर्षकको खर्च शिर्षक सेवा र परामर्शबाट गर्ने गरी खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं २०७८।०७९-००९।०७**

प्रस्ताव नं २०७८।०७९-००९।०७ माथी छलफल गर्दा यस पालिकाभित्र रहेका फुजलिङ खोला झोलुङ्गे पुल खिङ्गा, घोकखोला झोलुङ्गे पुल साङ्ता, ताङ्वे खोला झोलुङ्गे पुल ताङ्वे र नर्सिङखोला झोलुङ्गे पुल छुसाङको लागि आवश्यक पर्ने Steel Parts का सामग्रीहरु खरिदको लागि रिजवान इन्जिनियरिङ उद्योग, नेपालगञ्जसँग मितिः २०७६।१२।०५ मा सम्झौता भई सामग्रीहरु सप्लाई गर्ने कार्यको ठेक्का म्याद २०७८ असोज मसान्तसम्म रहेकोमा उक्त अवधिमा उक्त फर्मले पूरा कार्य गर्न नसकेकोमा निज फर्मसँगको ठेक्का तोडेर नयाँ प्रक्रियामा गई Steel Parts खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं २०७८।०७९-००९।०८**

प्रस्ताव नं २०७८।०७९-००९।०८माथी छलफल गर्दा यस गाउँपालिका रिक्त रहेका निम्न वडाहरुको वडासचिवको थप जिम्मेवारी तपसिल बमोजिमका कर्मचारीहरुलाई दिइएको व्यहोरा जानकारी भयो।

| सि नं | रिक्त रहेको वडा सचिव | थप जिम्मेवारी दिइएको कर्मचारी | कैफियत |
|---|---|---|---|
| १ | १ नं वडा कार्यालय | अ.हे.व. श्री तारानाथ अधिकारी | |
| २ | २ नं वडा कार्यालय | अ.हे.व. श्री ढोका गुरुङ | |
| ३ | ४ नं वडा कार्यालय | ज.स्वा.नि. श्री खगेन्द्र बोहरा | |
| ४ | ५ नं वडा कार्यालय | अ.हे.व. श्री सम्राट हमाल | |

**निर्णय नं २०७८।०७९-००९।०९**

प्रस्ताव नं २०७८।०७९-००९।०९ माथी छलफल गर्दा नेपाल संघीय शासन प्रणालीमा गैसकेपश्चात निर्मित गाउँपालिकामा निर्वाचित प्रथम जनप्रतिनिधि ज्यूहरुको ५ वर्षे कार्यकालको उच्च सम्मान गर्दै वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट उच्च सम्मानका साथ विदाई गर्ने निर्णय गरियो।

**निर्णय नं २०७८।०७९-००९।१०**

प्रस्ताव नं २०७८।०७९-००९।१० माथी छलफल गर्दा अघिल्लो ८ औँ गाउँ कार्यपालिकाको बैठकको समीक्षा गरियो।

**निर्णय नं २०७८।०७९-००९।११**

प्रस्ताव नं २०७८।०७९-००९।११ माथी छलफल गर्दा विविध विषयहरुमा तपसिल बमोजिमका निर्णयहरु गरियो।
क. यस गाउँपालिकाको वडा नं ४ कागवेनी स्थित कागखोलामा रहेको मोटरेवल पुल निर्माण कम्पनीबाट पूरा काम नभई बर्षातको समयमा यस क्षेत्रमा सवारी साधनहरु सञ्चालनमा समस्या उत्पन्न भएकोले तत्कालै सडक डिभिजन कार्यालयसँग समन्वय गरी गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी कम्तीमा मोटरसाइकल तथा एम्बुलेन्स सञ्चालनको लागि अस्थायी संरचना निर्माण गर्ने निर्णय गरियो।

ख. गाउँपालिकाका तपसिल बमोजिमका ठाउँ/क्षेत्रहरुको सडक सरसफाई तथा पहिरो सफा गरेको खर्चको भुक्तानी लागत-मूल्यांकनको आधारमा कार्य गरेको फर्मलाई विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।



अध्यक्ष

तपसिल

- साङ्ता जाने मोटरबाटो सफाई गर्ने कार्य
- चैले मोटरबाटो सफाई गर्ने कार्य
- खिङ्गा झारकोट बाटो सफाई गर्ने कार्य
- मुक्तिनाथमा ५० वटा ग्याविन जाली भर्ने कार्य

ग. स्थानीय गीत संरक्षण र रेकर्डिङको लागि आ.व.२०७८।७९ मा रु ५ लाख विनियोजन भएकोमा स्थानीय गीत गाउन सक्ने नागरिकहरुलाई काठमाडौँ गीत रेकर्डिङको लागि पठाइ उक्त कार्यको लागि हुने खर्च विनियोजित शिर्षकबाट गर्ने निर्णय गरियो।

घ. गाउँपालिकाको लागि आवश्यक पर्ने विभिन्न मूर्तिहरु लगायतका सामानहरु खरिद श्री मन्डला क्राफ्ट्स सप्लायर्स काठमाडौँबाट रु ६,६६,०००/- अक्षरुपी रु छ लाख छैसठ्ठी हजार मात्र। भएकोमा उक्त खर्चको रकम वारागुङ मुक्तिक्षेत्र गाउँपालिका चालुतर्फको मसलन्द तथा कार्यालय सामग्री खर्च शिर्षक नं २२३११ बाट भुक्तानी गर्ने निर्णय गरियो।

आजको कार्यपालिका वैठक समापन गर्ने ।

अध्यक्ष